annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २९४ पृष्ठ ८ | काठमाडौं, बिहीबार १५ फागुन २०८१ | फाल्गुन कृष्णपक्ष चतुर्दशी, नेपाल संवत् ११४५ | THURSDAY, FEBRUARY 27, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



महाशिवरात्रिको साँझ पशुपतिनाथ मन्दिरको दृश्य । ● अशोक दुलाल



कभर स्टोरी

## फोहोरमा राजनीति कहिलेसम्म ?

सुनिता कार्की | *काठमाडौं*

– को रिपोर्ट

अबको १० वर्षमा उपत्यकाको फोहोर फाल्ने ठाउँ हुँदैन । काठमाडौं उपत्यकाका १० नगरपालिकाको फोहोर व्यवस्थापन गर्न भनेर ल्याइएको यो परियोजना १४ वर्षदेखि अलपत्र छ । कि त यो परियोजना रद्द गर्न नयाँ प्रक्रिया तत्काल चाल्नु पर्‍यो कि त यो परियोजना १० नगरपालिका मिलेर अघि बढाउनु पर्‍यो । फोहोरमा राजनीति गरेर जनतालाई प्रभावित गर्ने काम कसैले पनि गर्नु भएन ।

समाचार पृष्ठ २


## ५० लाख डलर छ ? अमेरिकाले दिन्छ ‘गोल्ड कार्ड’

**वासिङ्टन डीसी :** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ‘गोल्ड कार्ड’ नामक नयाँ भिसा कार्यक्रम ल्याएका छन्। ५० लाख डलर तिर्ने आप्रवासीले गोल्ड कार्ड किन्न सक्नेछन्। वर्तमान विनिमय दरअनुसार झन्डै ७० करोड नेपाली रुपैयाँमा त्यो गोल्ड कार्ड आउँछ। यसले अमेरिकी नागरिकता पाउने बाटो खोल्नेछ। विश्वभरका धनी व्यक्तिलाई अमेरिका भित्र्याउने योजनाको रूपमा यसलाई लिइएको छ।



अमेरिकी राष्ट्रपति ट्रम्पले ‘गोल्ड कार्ड’ लाई ईबी-५ भिसा कार्यक्रमको विकल्पको रूपमा वर्णन गर्दै भविष्यमा १० लाख गोल्ड कार्डहरू बेचिने बताए। उनले यो पहलले राष्ट्रिय ऋण चाँडै चुक्ता गर्न सक्ने पनि दाबी गरेका छन्।

हाल अमेरिकामा नागरिकता प्राप्त गर्न ईबी-५ भिसा कार्यक्रम छ। यो १९९० देखि लागू भएको हो। यस भिसा कार्यक्रमको उद्देश्य विदेशी लगानी आकर्षित गर्नु हो।




## बेसहाराका सहारा थिए, गाउँ रुवाएर गए

केशरराज क्षेत्री / गंगा खड्का | *गुल्मी*

कोमल मनका उनी दीनदु:खीको मलिन अनुहार देख्नै हुँदैनथ्यो। बाटोमै गाडी रोक्थे। गाडीभित्र भएका फलफूल, बिस्कुट र नुनतेल किन्ने पैसा दिन्थे। बाल्यकालदेखि संघर्ष गरेर हुर्के। आफूले भोगेका कैंयौ पीडाले गर्दा पनि होला उनी विपन्नको अनुहार देख्दा निकै भावुक हुन्थे। रोजगारीका लागि कतारमा रहेका उनी जन्मघर पुग्दा धेरैको अनुहारमा खुसी छाउँथ्यो। सबैसँग मीठो बोल्ने। जोसँग पनि घुलमिल भइहाल्ने उनको सरल स्वभाव थियो। त्यसैले गर्दा होला धेरैका लागि आँखामा राख्दा पनि नबिझाउने थिए उनी। कतारबाट उनी एक/दुई महिनामै आउजाउ गर्थे।

गाउँमा कसैलाई सारोगारो पर्दा उनको पहिलो सहभागी हुन्थ्यो। कसैको मृत्यु हुँदा दाहसंस्कारमा पुगेका मलामीहरूलाई आफ्नै गाडीमा राखेर पालैपालो घरसम्म पुर्‍याएर सहयोग गर्थे। तर, मंगलबार मालिका गाउँपालिका-५ छापहिले गुल्मीका झविन्द्र आचार्यले खोलामा पुगेका मलामीहरूलाई आफ्नो गाडीमा राखेर पुर्‍याउन पाएनन्। किनकि सयौं गाउँलेहरू उनकै मलामी बनेर गएका थिए।



३९ वर्षीय आचार्यको कतारको आबुहामपुरमा गाडीले हानेर मृत्यु भयो। रोजगारीका सिलसिलामा आचार्य १८ वर्षदेखि कतारमा थिए। श्रमिक हुँदाहुँदै उनी अहिले कतारमा चर्चित व्यवसायी बनिसकेका थिए। घरको आर्थिक अवस्थाले चपेटामा परेर बिदेसिएका आचार्य आफूमात्र स्थापित व्यवसायी भइसकेका थिएनन्, धेरै नेपालीको सहारा पनि थिए। कतारको सडकमा खाना नपाएर सडकमा भौंतारिएकाहरूलाई आचार्यले मासुभात खुवाउथे। सडक दुर्घटनामा परेर मृत्यु भएपछि सिंगो गुल्मी अहिले शोकमा छ। कतारमा रहेका नेपालीहरूको त सहारा नै गुम्यो।

उनी गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका सहकोषाध्यक्ष, गुल्मी सेवा समाज कतारका पूर्वअध्यक्ष र लुम्बिनी प्रदेश समन्वय परिषद् कतारका पूर्वउपाध्यक्ष थिए। अल्पायुमै निधन भएपछि सिंगो गाउँलेको सहारा गुमेको छापहिलेका स्थानीय प्रेमबहादुर खड्काले सुनाए। ‘उहाँ गाउँभरिका नागरिकहरूको सारथि हुनुहुन्थ्यो’, खड्काले भने, ‘सिंगो गाउँ स्तब्ध भएको छ। सामाजिक भावनाका एक होनहार युवालाई गाउँलेले अकालमै गुमायो।’

उनको शव सात दिनपछि हेलिकप्टरबाट जन्मगाउँ लिएर अन्त्येष्टि गरिएको छ। अन्तिम दाहसंस्कारका लागि मालिकाको फूलबारीमा सयौं गाउँलेहरू पुगे। गुल्मीका संघीय सांसद् एवं पूर्वमन्त्री गोकर्णराज विष्ट, लुम्बिनी प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थी र नेपाली कांग्रेस लुम्बिनी प्रदेश समितिका उपसभापति भुवन श्रेष्ठ उनको अन्तिम दाहसंस्कारमा पुगेर उनको सामाजिक कार्यको प्रशंसा गरे। प्रदेशमन्त्री पन्थी उसैदिन दोहोरो शोकमा थिए। उनकी जेठीआमा यमकुमारी पन्थीको ९८ वर्षको उमेरमा निधन भएको थियो। जेठीआमालाई चितामा दागबत्ती दिएर पन्थी गाउँलेका भरोसा बनेका युवा समाजसेवी आचार्यलाई श्रद्धाञ्जलि दिन पुगेका हुन्।

» बाँकी पृष्ठ ६




बिहीबारको अनुमानित अधिकतम र न्यूनतम तापक्रम (सेल्सियसमा)

| | | |
|---|---|---|
| धनगढी | २७° | १२° |
| जुम्ला | १८° | -२° |
| पोखरा | २५° | १०° |
| भैरहवा | २८° | १२° |
| काठमाडौं | २२° | ८° |
| जनकपुर | २९° | १३° |
| विराटनगर | २८° | १४° |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग*